सर्वोच्च अदालत, संयुक्त इजलास

मानननीय न्यायाधीश श्री दिपकराज जोशी

माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

**आदेश**

०६८-WO-१०१०

विषयः- परमादेश ।

अधिवक्ता राजीव सिन्हा राजु ........................................................................ निवेदक

विरुद्ध

पशुपति क्षेत्र विकास कोष, काठमाडौं समेत ........................................................विपक्षी

यसमा भक्तजनहरुले ल्याएको बेलपत्र र फूल प्रसाद आदि पुजा सामग्री हाल के कसरी भगवान श्री पशुपतिनाथमा चढाउने काम भइरहेको छ, भक्तजनहरुलाई भगवान श्री पशुपतिनाथको टिकाप्रसाद कुन कुन ढोकाबाट को–कसले प्रदान गर्छन, भक्तजनहरुले आफूले ल्याएको दूध दही मह लगायतका सामग्रीहरु भगवान श्री पशुपतिनाथमा अर्पण गर्ने सम्वन्धमा र भक्तजनहरुले शुल्क तिरी पूजा गर्ने र आफ्नै पूजा सामग्री ल्याई पूजा गर्ने सम्बन्धमा के कस्तो व्यवस्था छ सोबारे स्थलगत जानकारी लिई प्रतिवेदन पेश गर्नका लागि यस अदालतका उपसचिव स्तरका तीनजना कर्मचारी खटाई निजहरुबाट प्रतिवेदन पेश भएपश्चात ०६९-WO-०१२० नं.को परमादेशको निवेदन समेत साथै राखी नियमानुसार पेश गर्नु ।

न्यायाधीश

न्यायाधीश

इति सम्बत् २०७१ साल आषाढ महिना १९ गते रोज ५ शुभम् ..............................